नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : २९/२०७८-७९

मितिः २०७९/०३/२२

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.८.३ लाई देहायबमोजिम संशोधन गरिएको :**
"सार्वजनिक खरिद ऐन, २०६३ लागु हुने संघ संस्था प्रतिष्ठान आदिले **सार्वजनिक खरिद कानून** अन्तर्गत भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतीतपत्र मार्फत आयात गर्दा भाडा तथा बीमा वापतको रकम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सकिने छ ।"

२. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.८.४ लाई देहायबमोजिम संशोधन गरिएको :**
"कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले ग्लोवल टेण्डर मार्फत् स्वीकृत गरेको वोलपत्रबाट मल, बीउ आयात गर्दा तेस्रो मुलुकमै निर्मित भई तेस्रो मुलुकबाटै Shipment हुने अवस्थामा ग्लोबल टेण्डर पर्ने फर्म कम्पनीको नाममा पनि विद्यमान व्यवस्थाबमोजिम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्ने गरी प्रतीतपत्र खोल्न सकिनेछ ।
**साथै, कृषि सामग्री कम्पनी लिमिटेडले Government-to-Government खरिद व्यवस्था अन्तर्गत भारत सरकार वा भारत सरकारको सार्वजनिक निकायसँग प्रतीतपत्र मार्फत् रासायनिक मल खरिद गर्दा परिवर्त्य विदेशी मुद्रामा समेत भुक्तानी गर्न सकिने छ ।**"

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

# नेपाल राष्ट्र बैंक

## विदेशी विनिमय व्यवस्थापन विभाग

५) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२) श्री नेपाल उद्योग परिसंघ ।
१३) श्री नेपाल चेम्बर अफ कमर्स ।
१४) श्री नेपाल बैंकर्स संघ ।
१५) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०६५।०३।२२